नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३
चलानी नं ५४४

मिति:२०८३/०३/३२
ने.सं. ११४६

श्री गाउँपालिका सबै,
श्री नगरपालिका सबै ।

विषयः पशु वधशाला र मासुजाँच ऐन, २०५५ कार्यन्वयन सम्वन्धमा ।

प्रस्तुत विषयमा कृषि, वन तथा पर्यावरण मन्त्रालयको प.सं.प.स्वा.म./२०८२/८३ च.नं.११६ मिति २०८३/३/३० को पत्र साथ पशु वधशाला र मासुजाँच ऐन,२०५५ कार्यन्वयन सम्वन्धमा भएको निर्णयको प्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

प्रकाश पन्थी
शाखा अधिकृत

बोधार्थः
श्री कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरवार काठमाडौं ।
श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन ।

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np
वेवसाईट:- www.mofaga.gov.np

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
पशु स्वास्थ्य महाशाखा

☎ ४२११४७८
फ्याक्स ४२११९३५
सिंहदरवार, काठमाडौं, नेपाल

प.सं : प.स्वा.म/०८२/८३
च.नं. : ११६

मिति: २०८३/०३/३०

विषयः सबै स्थानीय तहहरुलाई पत्राचर गरिदिने सम्बन्धमा।

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं।

प्रस्तुत विषयमा यस मन्त्रालयमा मिति २०८३/०३/२६ गते प्रदेश र स्थानिय तहका प्रतिनिधि सहित पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वयका सम्बन्धमा माननिय कृषि, वन तथा पर्यावरण मन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णयहरु (पाना १) सबै स्थानिय तहहरुलाई पठाउने प्रयोजनार्थ यसै साथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ।

डा. मनोज कुमार शाही
(वरिष्ठ पशु चिकित्सक)

सादर अवगतार्थ
श्रीमान् सचिवज्यू, कृषि वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार।
मा. मन्त्रीज्यूको सचिवालय, कृषि वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार।

नेपाल सरकार
**कृषि, वन तथा पर्यावरण मन्त्रालय**
पशु स्वास्थ्य महाशाखा

☎४२११४७८
फ्याक्स ४२११९३५
सिंहदरबार,काठमाडौं, नेपाल

नेपाल सरकार वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

प.सं :प.स्वा.म/०८३/८४
च.नं. : ९९

मिति: २०८३/०४/१९

विषयः पशु वधशाला, पशु वधस्थल र मासु पसलको म्यापिङ्ग गर्ने सम्बन्धमा।

श्री सबै स्थानीय तहहरु

प्रस्तुत विषयमा यस मन्त्रालयमा मिति २०८३/०३/२६ गते प्रदेश र स्थानीय तहका प्रतिनिधिहरु सहित बसेको बैठकले पहिलो चरणमा उपत्यकाका तीन जिल्लाका सबै स्थानीय तहहरुमा, दोस्रो चरणमा सबै नगरपालीकाहरुमा र तेस्रो चरणमा देशभर पशु वधशाला र मासु जाँच ऐन, २०५५ लागु गर्ने भन्ने निर्णयको कार्यान्वयनको पूर्वतयारी स्वरुप पशु वधस्थल, पशु वधशाला र मासु पसलको म्यापिङ्ग गर्ने कार्यका लागि Google Form वा Epicollect5 Application मा विवरणहरु भर्ने गरी तयार गरिएको छ। यसको प्रयोग विधी यसै साथ संलग्न गरिएकोले सोहि अनुसार गर्न गराउँन हुन निर्देशानुसार अनुरोध छ।

यस सम्बन्धमा आवश्यक सहजिकरणका लागि जिल्ला स्थित पशुपन्छी हेर्ने कार्यालयबाट विशेषज्ञ सहयोग लिन सकिने व्यहोरा समेत अनुरोध छ।

२०८३/०४/१५

डा. मनोज कुमार शाही
(वरिष्ठ पशु चिकित्सक)

<u>सादर अवगतार्थ</u>

श्रीमान सचिवज्यू, कृषि वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार।
मा. मन्त्रीज्यूको सचिवालय, कृषि वन तथा पर्यावरण मन्त्रालय, सिंहदरवार।

<u>वोधार्थ</u>

श्री पशु सेवा विभाग, हरिहरभवन, ललितपुर
श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, विराटनगर।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेस प्रदेश, जनकपुरधाम।
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडा।
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश, (राप्ती उपत्यका) देउखुरी।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, सुदुरपश्चिम प्रदेश, धनगढी।

नेपाल सरकार

# कृषि, वन तथा पर्यावरण मन्त्रालय

पशु स्वास्थ्य महाशाखा

☎४२११४७८
फ्याक्स ४२११९३५
सिंहदरबार,काठमाडौं, नेपाल

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

प.सं :प.स्वा.म/०८३/८४

च.नं. : ९९

**Goggle form प्रयोग गर्ने विधिः**

यो फर्म मासु व्यवसायी वा मासु व्यवसायीको तर्फवाट नगरपालीकाको कर्मचारीहरुले भर्ने गरी तयार गरीएको छ।

१. Google Form को लिङ्कमा Click गर्नेhttps://forms.gle/dL7xuFkhUR4LBSW77 वा QR codeस्क्यान गर्ने
२. त्यसपछि Google Form खुल्छ।
३. माग गरेका विवरणहरुभरेर Submit Button मा क्लिक गर्ने

Meat Inspection Mapping

**२. Epicollect5 प्रयोग गर्ने विधिः**

नोट: Epicollect5 एक पटक Log In गरेर +ADD PROJECT गरी सकेपछी फर्म भर्ने कार्य Offline मा सेभ गर्न सकिन्छ। तत्पश्चात Mobile मा Wifi जोडेको वेला भरेका विवरणहरु अपलोड गर्न सकिन्छ। यो विधि नगरपालीकामा काम गर्ने कर्मचारीका लागि बनाईएको हो।माथिको Google Form मा रहेको जानकारी र यस एप्लिकेसनमा भएको जानकारी एउटै भएकोले दुई फर्म मध्ये कुनै एक भर्दा पुग्छ।

१. App store/Play store को प्रयोग गर्न सकिन्छ जस्मा App store मा epicollect5 र play store मा epicollect5 Data Collection Download गर्ने।
२. Epicollect5 खोल्ने र बायाँ तिर रहेको तिन धर्के वटनमा क्लिक गर्ने र आफ्नो Google Account बाट Login गर्ने
३. त्यस पछि Main Menu मा गई दाँया तिरको माथि रहेको +ADD PROJECT Button मा गई Meat Inspection Mapping भनेर Search गर्ने।
४. Search गरिसकेपछि नेपाल सरकारको लोगो सहितको "Meat Inspection Mapping" भन्ने प्रोजेक्ट देखिन्छ र त्यसमा क्लिक गरेर 'Project Add' गर्ने।
५. त्यस पछि तपाईको एप्लिकेसनको Main Menu मा उक्त प्रोजेक्ट देखिन्छ।
६. अव फर्म भर्ने कार्य सुरु गर्न सकिन्छ। त्यसको लागि उक्त Meat Inspection Mapping मा Click गर्ने र दायाँ तिरको माथि तर्फ +ADD ENTRY Button मा थिचेपछी उक्त फर्म देखिन्छ।
७. फर्म भर्दै जाने सवै फर्म भरिसके पछि SAVE ENTRY भन्ने वटनमा थिच्ने।
८. यसरी भर्दै जाँदा तपाईको फर्महरु Offline मा बसेको हुन्छ। तपाई ईन्टरनेटमा गएपछी उक्त प्रोजेक्टको माथी UPLOAD भन्ने वटनमा थिच्ने, त्यसपस्चात Upload data गर्ने र All entries upload मा थिचे पछि तपाईले भर्नु भएको फर्म मुख्य सर्भरमा आईपुग्छ।

२०८२/०८/१५

विषयः पशु वधशाला र मासु जाँच ऐन, २०५५ कार्यान्वय सम्बन्धी बैठक।

अध्यक्षताः माननीय मन्त्री गिता चौधरीज्यू, कृषि वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबार।

बैठकमा सहभागीताः कृषि, वन तथा पर्यावरण मन्त्रालयका सचिवज्यू, काठमाण्डौ उपत्यकाका स्थानिय तहका प्रमुख तथा अध्यक्षज्यूहरु, नेपाल पशु चिकित्सा परिषद्का अध्यक्षज्यू, पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्का अध्यक्षज्यू, मन्त्रालय र मातहतका सहसचिवज्यूहरु, पशु सेवा विभागका महानिर्देशकज्यू, पशु सेवा कार्यालय, ललितपुरका प्रमुखज्यू, स्थानिय तहमा कार्यरत पशु सेवा शाखा/महाशाखाका प्रमुख तथा प्रतिनिधिहरु।

मितिः २०८३/०३/२६; समयः ११:०० बजे

स्थानः कृषि वन तथा पर्यावरण मन्त्रालय, सिंहदरबारको सभाहल।

प्रस्तावः पशु वधशाला र मासु जाँच ऐन, २०५५ को कार्यान्वयन सम्बन्धमा।

निर्णयहरुः पशु वधशाला र मासु जाँच ऐन, २०५५ को कार्यान्वयन सम्बन्धमा देहाएका निर्णयहरु गरियोः

(क) पशु वधशाला र मासु जाँच ऐन, २०५५ को दफा १ को उपदफा (२) को प्रयोजनका लागि विषयगत समितिको मिति २०८२ माघ १३ गतेको निर्णय नं. ७ लाई कार्यान्वयन गर्न पहिलो चरणमा राजपत्रमा सूचना प्रकाशन भएको मितिले ४ (चार) महिनापछि काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका सबै स्थानिय तहहरुमा, ६ (छ) महिनापछि देशभरका बाँकी सबै नगरपालिकाहरूमा र १ (एक) वर्षपछि देशभर लागू गर्ने गरी राजपत्रमा सूचना प्रकाशन गर्ने।

(ख) ऐन कार्यान्वयनमा एकरूपता ल्याउने कार्यका लागि निर्देशिका/मापदण्ड अध्यावधिक गरी सबै स्थानीय तहहरूमा पठाउन पशु सेवा विभागलाई निर्देशन दिने।

(ग) विशेषज्ञ टोली खटाई काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका सबै पालिकाहरूमा पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ कार्यान्वयनमा आवश्यक सहजीकरण गर्न पशु सेवा विभागलाई निर्देशन दिने।

(घ) पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ कार्यान्वयनको चरणमा रहेको जानकारी गराउन भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत सबै स्थानीय तहहरूलाई पत्राचार गर्ने र जनस्तरमा समेत यस ऐनको कार्यान्वयनका सम्बन्धमा सन्देशमूलक/जनचेतनामूलक सामग्री कृषि सूचना तथा प्रशिक्षण केन्द्रबाट समेत प्रसारण गर्न निर्देशन दिने।

(ङ) ऐन कार्यान्वयनमा संलग्न हुने तिनै तहको जनशक्तिको क्षमता विकासका लागि आवश्यक तालिम सञ्चालन गर्ने, मासु निरीक्षक र मासु सुपरीवेक्षक नियुक्ती गर्ने, पशु वधशाला, वधस्थल र मासु पसलको विवरण अध्यावधिक गर्ने र मासु जाँचका लागि आवश्यक सामग्रीहरुको नमुना तयार गर्न प्रदेश सरकार र स्थानीय तहसँग समन्वय गर्न पशु सेवा विभागलाई निर्देशन दिने।

डा. राजेन्द्र प्रसाद मिश्र
सचिव

मा. गिता चौधरी
कृषि, वन तथा पर्यावरण